## श्री उच्च अदालत पाटनमा चढाएको
## लिखित जवाफ

**विषय: ०७९-WO-१२६७ को निवेदन खारेज गरी पाऊँ ।**

काठमाडौं महानगरपालिका.........१, ऐजन् नगर कार्यपालिकाको कार्यालय..........१ र आफ्नो हकमा महानगर प्रमुख बालेन्द्र शाह .........१, ऐजन् महानगर प्रहरी बलको तर्फबाट अख्तियारप्राप्त महानगर प्रहरी बल प्रमुख राजुनाथ पाण्डे............१ समेत जना ४ को वारेस ऐजन् कानून तथा मानव अधिकार विभागको कर्मचारी टंकबहादुर थापा (क.सं.न. ०४०३१५)..........................................**प्रत्यर्थी/लिखित जवाफ प्रस्तुतकर्ता**

**विरुद्ध**

जानुका पोखेल समेत .................................................................................... **विपक्षी/रिट निवेदक**

**मुद्दा: उत्प्रेषण ।**

उपरोक्त विपक्षीले दायर गरेको मुद्दामा सम्मानीत उच्च अदालतवाट हाम्रो नाममा जारी भएको १५ दिने म्याद सूचना ०७९।१२।१९ मा तामेल भएकोमा कार्य व्यस्तताले गर्दा म्यादभित्रै लिखित जवाफ पेश गर्न नसकिएकोले नियमानुसार गुज्रिएको म्याद थमाई यो लिखित जवाफ पेश गरिएको छ । साथै, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १४२ बमोजिम मुद्दाको पेशीको जानकारी गराई दिने व्यवस्था मिलाई दिनुहुन ०७९।५।१९ को का.म.पा.को प्रमुख प्रशासकीय अधिकृत स्तरीय निर्णयानुसार अनुरोध गरिन्छ । लिखित जवाफको व्यहोरा यसप्रकार छ -

१. भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित वसोबासीलाई बासस्थानबाट हटाउने गरी का.म.पा.ले मिति २०७९।१२।११ मा जारी गरेको सूचना तथा सो सम्बन्धी निर्णय उत्प्रेषणको आदेशले बदर गरी पाऊं भन्ने रिट निवेदकको मुख्य मागदावी रहेको देखिन्छ ।

२. विपक्षी रिट निवेदकको मागदावी निम्न लिखित आधार कारणबाट खारेजभागी रहेको हुँदा खारेज गरी पाऊँ-

२.१. का.म.पा.क्षेत्रभित्रका नदी वहाव, नदी उकास, नदी किनार र नदी करिडोरको सार्वजनिक क्षेत्रमा संरचना निर्माण गरी तथा अनधिकृत रुपमा कब्जा गरी भोगचलन गरिरहेका सम्वद्ध सबै सरोकारवालालाई सूचित गर्नको लागि कानूनी अख्तियारी भित्र रही, कानूनको उचित प्रक्रिया पूरा गरी का.म.पा.बाट मिति २०७९।१२।११ मा सूचना प्रकाशन गरिएको हो । सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र त्यस्ता संरचना हटाई अन्यत्र लैजान सूचित गरिएको छ । साथै, सो बमोजिम अनधिकृत संरचना नहटाएमा



२५।०१।१५

Scanned with CamScanner

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ समेतको आधारमा महानगर स्वयंले हटाउने कुरा समेत सूचनामा उल्लेख गरिएको छ।

२.२. उक्त सूचनामा उल्लेख भएको क्षेत्र सरकारी/सार्वजनिक जग्गा हो । मुलुकी देवानी संहिता, २०७४, मालपोत ऐन, २०३४ समेतका कानूनले सार्वजनिक जग्गाको परिभाषा गरी यसको संरक्षणको व्यवस्था गरेका छन् । स्थानीय प्रशासन ऐन, २०२८ को दफा १०क(२) ले सार्वजनिक जग्गा नेपाल सरकारको स्वीकृति नलिई कसैले आवाद गर्न वा आवाद गर्ने अनुमति दिन नमिल्ने र यदि दिएमा कैद वा जरिवाना वा दुवै सजाय हुने भनेको छ । तसर्थ, नदी वहाव, नदी उकास, नदी किनार र नदी करिडोरको जग्गा व्यक्ति विशेषले कब्जा गरी अनधिकृत संरचना निर्माण गरी भोगचलन गरिरहेको हुँदा त्यस्तो कार्यको रोकथाम तथा नियन्त्रण गरी कानूनको परिपालना गर्ने, गराउने प्रयोजनको लागि भएको कार्य कानून सम्मत छ।

२.३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)क.(२) ले सार्वजनिक ऐलानी र पर्ती जग्गा, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने, अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने कर्तव्य स्थानीय सरकारको भएको कुरा स्पष्ट गरेको छ । दफा ९७ ले सोही कुरा थप स्पष्ट गरेको छ । मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद ५ ले समेत अनधिकृत संरचना हटाउने सम्बन्धी स्थानीय सरकारको कर्तव्य उल्लेख गरेको छ।

२.४. नेपाल सरकार मन्त्रिपरिषदले स्वीकृत गरेको काठमाडौ उपत्यकामा गरिने निर्माण सम्बन्धी मापदण्ड, २०६४ को पृष्ठ ३७ तथा सोमा २०६५।८।१ मा भएको संशोधनले नदी किनाराको क्षेत्र सार्वजनिक वा निजी जे जस्तो भएपनि खाली राख्नु पर्ने व्यवस्था गरेको छ । वागमती, विष्णुमती र मनहरा नदीको किनाराको २० मीटर जग्गामा कुनै पनि संरचना निर्माण गर्न नपाउने व्यवस्था छ । रिट नं. ०६७-WO-१००२ मा सर्वोच्च अदालतबाट २०७६।४।२० मा भएको आदेशले थप २० मीटर तटीय क्षेत्र पनि खाली राख्नु पर्ने भनेको छ । वागमती र यसका सहायक नदीको अतिक्रमित क्षेत्रका घर टहरा भत्काउने कुरा सो आदेशमा उल्लेख छ। महानगरले उक्त मापदण्ड तथा आदेशको अवज्ञा गर्न वा गर्न दिन मिल्ने अवस्था छैन।

२.५. भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ख.(४) ले सार्वजनिक जग्गा, नदी, खोला वा नहर किनारको जग्गा, धार्मिक तथा सांस्कृतिक क्षेत्रभित्रको जग्गा, संघ, प्रदेश वा स्थानीय तहको प्रयोगको लागि आवश्यक रहेको जग्गा सुकुम्वासी वा अव्यवस्थित वसोवासीलाई दिन निषेध गरेको छ । विना कुनै आधार र कारण सुकुम्वासी भएको भन्दैमा जथाभावी, आफूखुसी जहिँतहीँ घर टहरा बनाई बसोवास गर्ने छुट कसैलाई पनि कानूनले दिएको देखिँदैन । उक्त कानूनी मान्यताको पालना गर्ने, गराउने कर्तव्य महानगरमा छ।

२.६. सर्वोच्च अदालतबाट ने.का.प. २०७६ अंक १० नि.नं. १०३७८ मा प्रतिपादित नजीर सिद्धान्त प्रस्तुत विवादको विषय वस्तुसग हुवहू मिल्ने देखिन्छ । उक्त नजीरले आफ्नो अधिकारै नभएको अधिकारविहिन कुरामा अतिक्रमण गरी बसेको सरकारी जग्गा उपर निरन्तर बसोवास गर्न पाउनु पर्छ भन्ने दावी लिने अधिकार प्रचलित कानूनले कसैलाई नदिएको तथा सुकुम्वासीको नाममा सरकार वा महानगरपालिकाले तोकिदिएको स्थान वाहेक जहाँसुकै खाली स्थान पाउने बितिकै अतिक्रमण गर्नु गराउनु कानून विपरित हुने कुरा स्पष्ट गरेको छ (पृ.२२१२)।

२.७. सोही नजीरमा भनिएको छ (पृ.२२११), प्रचलित कानून अनुसार राज्यको जुनसुकै सार्वजनिक जग्गाको संरक्षण गर्ने गराउने दायित्व कुनै पनि नागरिक र संगठित सरकारी तथा गैरसरकारी संघ संस्थाको समेत हुनेमा निवेदनमा उल्लेखित व्यक्ति तथा सघसंस्थाले सो कार्य नगरी बरु निरन्तर रुपमा त्यस्ता जग्गाहरुमा



Scanned with CamScanner

अनधिकृत रुपमा बसोबास गरी आएकालाई निरन्तर रुपमा बसोबास गर्न दिनुपर्छ भन्ने मनसाय स्वरुप रिट निवेदन लिएर आएको कार्यलाई कानून सम्मत मान्न मिल्ने देखिदैन ।

२.८. उक्त ने.का.प.२०७६ अंक १० नि.नं. १०३७८ ले अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समितिद्वारा २०६८।८।१३ मा जारी भएको हुवहु यसै प्रकृतिको ५ दिने सूचनालाई कानून सम्मत ठहर गरी रिट निवेदन खारेज गरेको अवस्था छ । त्यसलाई अन्देखा गर्ने छुट कसैलाई छैन । सो मुद्दामा नेपाल महिला एकता समाज समेत निवेदक रहेको देखिन्छ । आफैं निवेदक भएको मुद्दाको सर्वोच्च अदालतको फैसला, नजीर सिद्धान्तको खिलाफ हुने गरी, तथ्य लुकाई सोही संस्था समेत निवेदक भइ मातहतको उच्च अदालतमा अर्को मुद्दा गर्न आउनु न्यायिक सिद्धान्त विपरित छ । रिट निवेदकले उठाएका महानगरका कतिपय नीतिगत विषय न्यायिक क्षेत्राधिकार भित्र पर्दैनन् ।

२.९. वास्तविक भूमिहीन सुकुम्वासीलाई रक्षाकवच बनाई गैरसुकुम्वासीले स्वार्थसिद्ध गर्न मिल्दैन । आ-आफ्नो थातथलोका भूमिहीन सुकुम्वासीको लागि आवासको अधिकार सम्वन्धी ऐन, २०७५ बमोजिम आवासको अभावमा जीवन जोखिममा पर्ने अवस्थावाट सुरक्षित रहने अधिकारको प्रत्याभूति हुने कुरामा विवाद छैन । यद्यपि, अपराध र अधिकारको विषयलाई समिश्रण गरी वास्तविक भूमिहीन सुकुम्वासीको हक प्रचलनमा अवरोध सृजना गर्ने कार्य छद्मभेषी गैरसुकुम्वासीबाट भएको देखिने प्रमाण यथेष्ट छन् । यस्तो गैरकानूनी कार्यको तत्काल रोकथाम तथा नियन्त्रण हुनुपर्दछ ।

२.१०. ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदा, नेवाः सभ्यता, राष्ट्रिय सम्पत्ति तथा स्रोत साधनको संरक्षण गर्ने दायित्वबाट विमुख बनाउने उद्देश्य रिट निवेदनमा राखिनु हुँदैन । गैरसुकुम्वासीको योजनामा कानून हातमा लिने, नदीको जग्गा कब्जा गर्ने, विना स्वीकृति पक्की घर, टहरा, सटर कवल बनाउने, तहतह किनवेच गर्ने, भाडा वा व्यापारिक प्रयोजनमा लगाउने, राज्य संयन्त्रलाई अनुगमन गर्न नदिने, सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्न समेत नदिने, घरेलु हतियार तथा विष्पोटक पदार्थसहित आपराधिक बल प्रयोग गर्ने, उक्त क्षेत्रमा सडक, ढल निर्माण, सरसफाई तथा ढल प्रशोधन प्लान्ट, सम्पदा संरक्षण, शहरी सौन्दर्यकरणको कुनै पनि काम गर्न नदिने जस्ता कानूनद्वारा वर्जित कार्यहरुको समर्थन गर्ने विपक्षीको रिट निवेदन भित्रको मनसाय प्रश्नयोग्य छ । वास्तविक भूमिहीन सुकुम्वासी जोगाउने भन्दा पनि समग्ररुपमा अनधिकृत बस्ती जोगाउने उद्देश्य अन्तरनिहित देखिन्छ ।

२.११. अतः माथि उल्लिखित आधार, कारणबाट रिट निवेदकको सरोकार प्रचलित कानून तथा सर्वोच्च अदालतबाट जारी भएका न्यायिक आदेश, फैसला एवं प्रतिपादित नजीर सिद्धान्तसम्मत नभएको हुँदा रिट निवेदन प्रथम दृष्टिबाटै खारेजभागी छ, खारेज गरी पाऊँ ।

३. हाम्रो तर्फबाट नियुक्त हुने कानून व्यवसायीको बहस बुँदालाई यसै लिखित जवाफको अभिन्न अंग मानी पाऊँ ।

४. संलग्न कागजातः

४.१ अख्तियारनामा ।

४.२ अन्य प्रमाण ।

५. यसमा लेखिएको कुरा ठिक साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

लिखित जवाफ प्रस्तुतकर्ता
निज वा. टंक बहादुर थापा

इति सम्वत २०८० साल बैसाख महिना ८ गते रोज शुभम् ...............



Scanned with CamScanner